आज मिति २०८१ साल श्रावण २6 गते आइतबार बिहान ८:०० बजे निवेदक श्री रुवशाना कपालीको निवेदन उपर अध्ययन एवं छलफल गरी सिफारिससहित प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ भाषा आयोगद्वारा मिति २०८१।०४।२२ मा आयोगका मा० सदस्य श्री सुरेश मानन्धरको संयोजकत्वमा गठित "सिफारिस समिति" को बैठक समितिका संयोजक श्री सुरेश मानन्धरको अध्यक्षतामा आयोगको सभाहल कक्षमा बसी निम्नानुसारको उपस्थितिमा बसी तपसिलका विषयहरूमा छलफल एवं निर्णयहरू गरियो ।

<u>उपस्थिति</u>

१. मा० सदस्य श्री सुरेश मानन्धर – संयोजक
२. सल्लाहकार प्रा० डा० ओमकारेश्वर श्रेष्ठ – सदस्य
३. उ.स. श्री तारानाथ निरौला – सदस्य सचिव

<u>आमन्त्रित</u>

<u>छलफल एवं निर्णयहरू</u>

१. निवेदक श्री रुवशाना कपालीले यस कार्यालयमा दिनु भएको निवेदन (पाना मात्र ५३) को गहन अध्ययन एवं छलफल गरियो ।
२. उक्त निवेदनको १५ नं. मा उल्लिखित मागदाबि अन्तर्गतका सबै बुँदाहरूको अध्ययन एवं विश्लेषण गरियो । उल्लिखित सबै बुँदाहरू भाषा आयोगको क्षेत्राधिकार रहे/नरहेको विषयमा छलफल एवं विश्लेषण गरियो । आयोगको क्षेत्राधिकार भाषा सम्बन्धी विषय मात्र रहेतापनि भाषा, संस्कृति, परंपरा, रितिरिवाज एक अर्कोमा अन्तर्सम्बन्धित रहेकाले प्रत्यक्ष वा परोक्ष रूपमा सरोकारका विषय भएको निष्कर्ष निकालियो ।
३. निवेदकको मागदाबिको बुँदा नं (ख), (ज) र (झ) प्रत्यक्ष रूपमा आयोगको क्षेत्राधिकार भित्र पर्ने भएका उक्त बुँदाहरूमा उल्लेख नेपाल भाषाका शब्दहरूको प्रचलित अर्थ एवं जनगणनाको कुमारीको बारेमा तपसिल अनुसार गर्ने निष्कर्ष निकालियो

Date
Page

तपसिल

फलचा := पाटी

सत := पौवा, जहाँ बटुवाहरुले प्रकाई मार्ग मात्र नभइ मानिसहरु बास बस्न, सुत्न पनि मिल्दछ। नेवा: संस्कृति/परंपरा अनुसार सत: को रेखदेख र संरक्षणको लागि कपाली वा कर्णधारी समुदायका मानिसहरुलाई त्यहाँ बस्न दिएको र त्यहाँ बसे बापत उनीहरुलाई स्थानीय समुदाय/टोलवासीले निश्चित जिम्मेवारी पनि दिएको हुन्छ। उक्त जिम्मेवारी पूरा गर्नु त्यहाँ बस्ने मानिसहरुको कर्तव्य हुन जान्छ।

मण्ढः = मण्डल/मण्डप
मण्डल/मण्डपको संरक्षणार्थ पाटीको स्वरुपको संरचना बनाएर यस भित्र मण्डल/मण्डप बनाइन्छ।

~~फल्चा~~ चपा: = सत: को जस्तै संरचना हुन्छ तर त्यहाँ मानिस सुत्ने/बास बस्ने गरिदैन। सामाजिक कार्यहरु, भोज/भतेर, छलफल, बैठकहरुभने उक्त ठाँउमा गरिन्छ। हाल प्रचलनमा रहेका सामुदायिक भवनहरुको प्रयोजन जस्तै यसको पनि हुन्छ।

8. निवेदकले माग दाबि गरे अनुसार बुँदा नं (ज) मा उल्लेखित विषय नेपा: उपत्यका वा नेपा: मण्डल लाई काठमाडौं उपत्यका भनि सम्बोधन गर्ने अभ्यास स्थापित हुँदा यहाँको ऐतिहासिक महत्त्व गुम्ने मात्र नई काठमाडौं उपत्यकाले उपत्यकालाई नसमेटने साथै ललितपुर भक्तपुर प्रति अन्याय हुने भन्ने ठहर गरियो।

५. निवेदकको मागदाबि अनुसार फलचा, सत:, मण्ढ:, ~~फल्चा~~ चपा: भन्ने शब्दहरुलाई नेपाली भाषामा अनुवाद गर्दा ~~बिभिन्न~~ यिनिहरुका भिन्नता मेटिने गरी "पाटीपौवा" भन्ने गरिएको भन्ने विषयमा "पाटीपौवा" शब्दको अर्थ वा परिभाषा प्रज्ञा नेपाली बृहत् शब्दकोषबाट खुट्याउने कार्य गरियो।

पाटी = [सं. पट्ट+ई] ना० १. बटुवाहरुलाई विश्राम गर्न एवं बास बस्नका निम्ति बनाइएको

घर, धर्मशाला, टौवा, हौदी ।
(~~वृहत्~~ प्रज्ञा नेपाली बृहत शब्दकोश पेज नं. -११८१)
पौवा = [प्रा. पर्वा > सं. प्रपा] ना. १. बटुवाहरूका लागि पानीको समेत प्रबन्ध गरेको पाटी, पानीयशाला, पौशाला । २. हौदी, टहरो, धर्मशाला ।
(प्राज्ञ नेपाली बृहत शब्दकोश पेज नं. १२५६)
पाटीपौवा = [पाटी + पौवा] ना. बटुवाहरूलाई बास बस्नक निम्ति बनाइएको, पानीको समेत व्यवस्था गरेको पाटी, पाटी र धारा, पाटी र पौवा ।
(प्राज्ञ नेपाली बृहत शब्दको पना नं. ११८१).

६. आगामी बैठक सल्लाहकार सदस्यको समयानुसार यथाशक्य चाँडो बस्ने । सोहि दिन निवेदक श्री रुक्मिना कपाली-लाई समेत आमन्त्रित गरी र सिफारिसका लागि आवश्यक निर्णय गरिने निष्कर्ष निकालियो । साथै निवेदकको मागदावी अनुसारका नेपाल भाषाका उल्लिखित शब्द-हरु आधिकारिक नेपाल भाषाको शब्दकोष अध्ययन र विश्लेषण गरी समेत निर्णय गरियो ।

(हस्ताक्षर)